नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(.......................................शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ......................................

## प्रेस-विज्ञप्ती

सेवा निवृत्त राष्ट्रसेवकहरूको निवृत्तिभरण तथा पारिश्रमिक लगायतका दोहोरो सेवा सुविधा, योगदानमा आधारित निवृत्तिभरण तथा बोनस सम्बन्धी कानूनमा समसामयिक सुधार गर्ने सम्बन्धमा नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा मिति २०७२।१२।१६ मा विभिन्न निकायका पदाधिकारीको बैठक बसी देहाय अनुसारको निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ती जारी गरिएको छ।

**निर्णयहरू**

१. सेवा निवृत्त राष्ट्रसेवकहरूको निवृत्तिभरण र पारिश्रमिक लगायतका दोहोरो सेवा सुविधा सम्बन्धमा मन्त्रिपरिषदमा निर्णय भईसकेको छ । सार्वजनिक लाभको पदमा नियुक्त हुने निजामती कर्मचारी, शिक्षक, सेना, प्रहरी, विश्वविद्यालयका प्राध्यापक एवं कर्मचारी, सार्वजनिक संस्थान, समिति, परिषद्, बोर्ड, प्राधिकरण लगायतका सबै संगठित संस्थाका राष्ट्रसेवकहरूलाई समेत सो निर्णय बमोजिमको व्यवस्था लागू हुने गरी एकीकृत कानूनको मस्यौदा अर्थ मन्त्रालयले तयार गरी प्रक्रिया अगाडि बढाउने।

२. योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था गर्न बनेको प्रस्तावित पेन्सन कोष सम्बन्धी विधेयकमा निजामती कर्मचारी, शिक्षक, सेना, प्रहरी, विश्वविद्यालयका प्राध्यापक एवं कर्मचारी, सार्वजनिक संस्थान, समिति, परिषद, बोर्ड, प्राधिकरण लगायतका सरकारी कोषबाट निवृत्तिभरणको व्यवस्था भइरहेका सबै सेवा र संगठित संस्थामा समेत पेन्सन कोषको व्यवस्था लागू गराउने गरी सो सम्बन्धी एकिकृत मस्यौदा अर्थ मन्त्रालयले तयार गरी प्रकृया अगाडि बढाउने।

३. अर्थ मन्त्रालयले श्रम तथा रोजगार मन्त्रालय लगायत सम्बद्ध निकायहरूसँग समन्वय गरी विद्यमान बोनस ऐनलाई समसामयिक संशोधन गर्न आवश्यक प्रकृया अगाडि बढाउने।

४. उपरोक्त तीन वटै विधेयक अर्थ मन्त्रालयले व्यवस्थापिका संसदको आगामी अधिवेशनमा पेश गर्ने।

२०७२ चैत २२ गते

विनोद बहादुर कुँवर
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np